स्थानीय सरकार

# घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

प सं : ०८२/८३

मिति : २०८२/११/२९

च. न. ३८२९

**श्री सडक पुर्वाधार विकास कार्यालय, घोराही, दाङ।**

**श्री सडक डिभिजन, घोराही, दाङ।**

**श्री संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, घोराही, दाङ।**

**श्री शहरी विकास तथा भवन कार्यालय, घोराही, दाङ।**

**विषय : राजश्व सम्वन्धमा।**

उपर्युक्त सम्बन्धमा तहा कार्यालयवाट सन्चालन भैरहेका आयोजनाहरुमा नदिजन्य पदार्थ प्रयोग गर्न ढुङ्गा गिट्टी वालुवा उत्खनन् विक्री तथा व्यावस्थापन मापदण्ड २०७७ को दफा (१२) को उपदफा (७) अनुसार सडक निर्माण वा विस्तारका क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्रि सम्वन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रिको परिमाणको आधारमा लाग्ने विक्री मुल्य बापतको रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिनेछ। भन्ने व्यवस्था भएकोले प्रयोग हुने परिमाणको सम्वन्धित निर्माण व्यावसायीवाट नदिजन्य पदार्थको राजश्व जम्मा गराउने व्यवस्था मिलाइ सहयोग गरिदिनुहुन पत्राचार गरिएको व्यहोरा अनुरोध छ। साथै मापदण्डको प्रतिलिपि यसै पत्र साथमा संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

२०८२/११/२९

ओम जि.एम.
पूर्वाधार विकास महाशाखा प्रमुख

**वोधार्थ:**

श्री सम्वन्धित वडाका वडा अध्यक्ष ज्यू, आवश्यक अनुगमन तथा समन्वय गरिदिनुहुन।

४/८

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- ०८

मिति: २०७७/०४/०९

विषय: "ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति, (सबै)
श्री गाउँपालिका/नगरपालिका, (सबै) ।

प्रस्तुत विषयमा मिति २०७७/०४/०५ को नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट स्वीकृत "ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" यसै साथ संलग्न गरि कार्यन्वयनका लागि अनुरोध छ ।

२०७७/०४/०९
(रीतु थपलिया)
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

# ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

प्रस्तावनाः विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न, तथा

गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको मापदण्ड जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम **"ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u>(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ ।

(घ) "ढुङ्गा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमती भएको नदी, बगर वा खानी क्षेत्रबाट सङ्कलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भरुवा सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(५) उपदफा (४) बमोजिम सञ्चालित आयोजनाहरुको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको ओसार पसार र ढुवानी गर्दा समेत यस मापदण्डमा उल्लिखित प्रकृया पूरा गर्नु पर्नेछ ।

(६) गाउँपालिका वा नगरपालिका आफैंले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थको हकमा सम्वन्धित सभाको स्विकृतीमा बिक्री मूल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर यस्तो व्यवस्था गर्दा आयोजनाको लागत अनुमान स्वीकृत गर्दा नै नदीजन्य पदार्थको मूल्य र शुल्क समायोजन गरेको हुनु पर्नेछ ।

(७) सडक निर्माण वा बिस्तारको क्रमसा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परीमाणका आधारमा लाग्ने बिक्रि मूल्य बापतको रकम सम्वन्धित गाउँपालिका वा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिनेछ ।

१३. <u>वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र ढुवानी कार्यका लागि गरिने वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

१४. <u>राजश्व बाँडफाँट सम्बन्धी व्यवस्था:</u> गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजश्वमध्ये साठी प्रतिशत रकम सम्वन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्नेछ ।

१५. <u>कार्यविधि बनाउन सक्ने:</u> यस मापदण्ड बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि जिल्ला अनुगमन समितिले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१६. <u>व्यवसायिक रुपमा बिक्री गर्न नहुने:</u> निजी माछा पोखरी, पेट्रोलपम्प, आवास क्षेत्र निर्माण लगायतका कार्य गर्दा निस्किने ढुङ्गा, गिट्टी, वालुवाको व्यवसायिक बिक्री गर्न पाइनेछैन ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं